# भेटघाटसम्बन्धी मार्गदर्शनहरू

*सेप्टेम्बर 2022 मा अद्यावधिक गरियो*

## आगन्तुकहरू:

- भेटघाटको अवधिमा मास्क लगाउनुहोस्।
- कोभिड-19 परीक्षण गर्नका लागि स्वागत डेस्कमा चेक इन गर्नुहोस् र फोटो नाम ब्याज लिनुनुहोस्। आगन्तुकहरूलाई फोटो आइडी देखाउन अनुरोध गरिने छ।
- स्वस्थ हुनुपर्छ - ज्वरो, खोकी वा चिसो वा पेटको भाइरसका लक्षणहर नभएको र स्वस्थ्यकर व्यक्तिहरूसँग बस्ने। आफ्नो घरपरिवारमा कोही रोगी हुनुहुन्छ भने आगन्तुकहरूले अनजानमा किटाणुहरू फैलाउन सक्नुहुन्छ।
- आफ्ना हातहरू प्राय: धुनुहोस्, विशेषगरी बिरामीलाई भेट्नुअघि र भेटेपछि।

## कोभिड-19 प्रयोगशाला परीक्षणबारे विशेष नोट

सबै स्वीकृत आगन्तुकहरूको परीक्षण गरिन्छ र लक्षणहरू देखिएका वा कोभिड-19 पोजिटिभ देखिएको कोही व्यक्तिसँग नजिकको सम्पर्कमा आएका मानिसहरूलाई प्राथमिकता दिइने छ। कुनै पनि सम्भावित सङ्क्रामका लक्षणू पुष्टि भएका आगन्तुकहरूलाई भित्री बिरामीहरूसँग भेट्न अनुमति दिइने छैन। कोभिड-19 पोजिटिभ देखिएका कुनै पनि व्यक न्यूनतम 5 दिनसम्म घरमा अलग बस्न आवश्यक हुने छ र उक्त समयमा भेटघाट गर्न सक्नुहुन्न।

## अन्तरङ्ग भेटहरू

**भेटघाट गर्ने समय:** बिहानको 8:30 बजेदेखि राति 8:30 बजेसम्म

**तपाईंको बच्चा अस्पतालमा हुँदा उहाँलाई भेट्न आउने मानिसहरूको नाम सूचीबद्ध गर्न तपाईंलाई अनुरोध गरिने छ। सूचीबद्ध गरिएका मानिसहरूले मात्र भेट्न सक्नु हुनेछ।**

**कसले भेट्न सक्नुहुन्छ?**

- 24/7 आगन्तुक पहुँच भएको दुई प्राथमिक सहायक व्यक्ति (सामान्यतया आमाबुवा)।
- बिरामीको घरमा बस्ने वयस्क बिरामीहरूका सहोदरहरू वा बालबालिकाहरू (जैविक, फोस्टर वा सौतेली)। उहाँहरूले भेटघाटको समयावधिमा बिरामीलाई भेट्न सक्नुहुन्छ।
- चार जनासम्म अतिरिक्त आगन्तुकहरू। उहाँहरूले बिरामी भेट्ने समयमा बिरामीलाई भेट्न सक्नु हुनेछ। नाबालिग आगन्तुकहरूको साथमा हरेक समयमा वयस्क व्यक्ति उपस्थित हुनुपर्छ।

अतिरिक्त परिवार र साथीहरूले भर्चुअल रूपमा सहारा दिना गर्न सक्नुहुन्छ। एक पटकमा बिरामीको कोठामा चार जनासम्म उपस्थित हुन सक्नुहुन्छ र यी आगन्तुकहरू मध्ये एकजना वयस्क हुनुपर्छ।

तपाईंको पारिवारिक अवस्था परिवर्तन हुन्छ वा तपाईंले आफ्नो बच्चाका लागि सहायता प्राप्त गर्न र उपलब्ध गराउनमा चुनौतीहरूको सामना गर्दै हुनुहुन्छ भने, सामाजिक कार्य सहायताको अनुरोध गर्नुहोस्। त्यहाँ घरेलू/हिरासतका समस्याहरू हुँदा, सामाजिक कार्यकर्ताहरू न्यायोचित भेटघाट सुनिश्चित गर्नका लागि परिवारहरूसँग काम गर्न सक्नुहुन्छ।

24/7 प्राथमिक सहायक आगन्तुकहरूका लागि शयन प्रबन्धहरू यूनिट अनुसार फरक हुन सक्छन्। कोठाहरूमा कम्तीमा एउटा व्यक्तिका लागि फोल्ड गर्न मिल्ने बिस्तारा छ। भइँमा सुत्नाले तपाईं, तपाईंको प्रियजन र हाम्रो कर्मचारीका लागि सुरक्षा जोखिम हुने भएकोले कोही पनि भुइँमा सुत्न सक्नुहुन्न। अस्पतालभन्दा बाहिर सुत्ने प्रबन्धहरू गर्नमा मद्दतका लागि, कन्सर्ग सर्भिसेस (Concierge Services) लाई 513-636-5009 वा टोल फ्रि 888-894-1374 मा सम्पर्क गर्नुहोस्।

## बहिरङ्ग भेटहरू

*(आपतकालीन (Emergency), आकस्मिक स्याहार (Urgent Care), क्लिनिक (Clinic), दिवा शल्यक्रिया (Day Surgery), परीक्षणका भेटहरू (Testing Visits))*

**तपाईंको बच्चाको साथमा दुईजनासम्म बस्न सक्नुहुन्छ। यसमा आमाबुवा, अभिभावक, जीवनसाथी र घरेलू साझेदार समावेश हुनुहुन्छ। 18 वर्षमुनिका आगन्तुकहरूलाई प्रोत्साहन गरिंदैन।**

सिन्सिनाटि चिल्ड्रेन्स (Cincinnati Children) ले उपयुक्त कानूनहरूको अनुपालना गर्छ र जाती, रङ, मूल राष्ट्रिय, वंश, धर्म, उमेर, लिङ्ग, यौन झुकाव, वैवाहिक स्थिति, असक्षमता वा अन्य गैर-कानूनी कारणहरूको आधारमा मानिसहरूको विरुद्ध भेदभाव गर्दैन वा भिन्न तरिकाले व्यवहार गर्दैन

ATENCIÓN: si habla español, tiene a su disposición servicios gratuitos de asistencia lingüística (interpretación y traducción). Llame al 1-513-517-4652.

注意：如果您使用中文，您可以免費獲得語言援助服務。請致電 1-513-517-0662。

# तपाईंका अधिकार र जिम्मेवारीहरू

## बिरामी तथा आमाबुवा/अभिभावकहरूसँग निम्न कुराहरूको अधिकार छ:

- आफ्नो छनोटको परिवारको सदस्य वा प्रतिनिधि र आफ्नो चिकित्सकलाई अस्पतालमा भर्नाको बारे तुरुन्तै सूचित गराउने;
- उनीहरूको जुन सुकै जाति, वर्ण, आस्था, पैत्रिक मुल, राष्ट्रिय मुल, नागरिकता, धर्म, उमेर, वंशाणुगत विवरण, शारीरिक वा मानसिक अपाङ्गता, वैहाविक वा पारिवारिक स्थिति, लिङ्ग, गर्भावस्था, यौन अभिमूखिकरण, लैङ्गिक पहिचान/अभिव्यक्ति, सैनिक, भूतपूर्व सैनिक, वा अपाङ्ग भूतपूर्व सैनिक स्थिति, वा अन्य संरक्षित स्थिति भएपनि प्रचलित सङ्घीय, राज्य, वा स्थानीय नियम कानूनहरू अनुसार आदर पूर्वक तथा विवेकपूर्ण व्यवहार गरिने;
- आफ्नो सिनसिनाटी बाल अस्पतालका चिकित्सक र परिचारिकाहरूका नामहरू र उनीहरूले निर्वाह गर्ने भूमिकाबारे थाहा पाउने;
- बिमारी, उपचार र निको हुने सम्भावनाहरूबारे तपाईंले बुझिने शब्दहरूमा चिकित्सकद्वारा बताइने;
- कुनै पनि प्रस्तावित उपचारको लागि तपाईंले सहमति दिन वा अस्वीकार गर्न आवश्यक हुने जति जानकारी प्राप्त गर्ने;
- स्याहार योजनाको विकास र कार्यान्वयन सहित चिकित्सा स्याहारका निर्णयहरूमा सक्रिय भूमिका निर्वाह गर्ने जसमा उपयुक्त भए अनुसार पीडाको व्यवस्थापन समावेश हुन सक्नेछ;
- कानूनले अनुमति दिएको हदसम्म स्याहारको अस्वीकार सहित स्याहारसँग सम्बन्धित सूचित निर्णय लिने;
- चिकित्सा स्याहार र उपचारमा गोपनीयता; यसमा उपचार वा छलफलहरूको अवधिमा स्याहार र सामान्यतया व्यक्तिगत गोपनीयतामा प्रत्यक्ष रूपमा संलग्न नभएका व्यक्तिहरू किन उपस्थित हुन्छन् भनी सूचित हुने अधिकार समावेश हुन्छ;
- सबै प्रकारका दुर्व्यवहार, उत्पीडन वा शारीरिक सजायबाट स्वतन्त्र सुरक्षित परिवेशमा स्याहार प्राप्त गर्ने;
- बाध्य पार्न, अनुशासनमा राख्न, प्रतिकार गर्न वा सहजताको लागि अवरोध वा पृथकताबाट मुक्त हुने; अनुमति दिइएको अवरोध वा पृथकलाई सुरक्षित रूपमा कार्यान्वयन गर्न प्रशिक्षित कर्मचारी राख्ने;
- उचित समय अवधिमा चिकित्सा अभिलेखको जानकारीलाई पहुँच गर्न सिनसिनाटी बाल अस्पतालमा प्राप्त गरिएको स्याहारसँग सम्बन्धित सबै सञ्चार र अभिलेखहरूको गोपनीय प्रयोग गरिने;
- सिनसिनाटी बाल अस्पताललाई उपचार उपलब्ध गराउन कानूनी कार्यवाही आवश्यक हुन्छ भनी महसुस हुन्छ भनेर सचेत र सूचित रहने;
- परिणामहरू पूर्वानुमानित परिणामहरूबाट महत्त्वपूर्ण रूपमा भिन्न-भिन्न हुँदा कुनै पनि उपचार वा कार्यविधिहरूको परिणामको स्पष्ट व्याख्या प्राप्त गर्ने;
- विशेष आवश्यकताहरूलाई पूरा गर्नमा मद्दत गर्नको लागि कुनै पनि उचित अनुरोधमा प्रतिक्रियाको अपेक्षा गर्ने;
- डिस्चार्ज योजनामा सहायताको अनुरोध गर्ने;
- कानूनले अनुमति दिएको हदसम्म चिकित्सकहरूले तपाईंलाई नगर्न सुझाव दिइएतापनि आफ्नो बच्चालाई हटाउन वा अस्पताल छोड्न छनोट गर्ने; तपाईंलाई तपाईंको वा तपाईंको बच्चाको कल्याणको लागि सिनसिनाटी बाल अस्पतालको जिम्मेवारीलाई मुक्त गर्ने फाराममा हस्ताक्षर गर्न आवश्यक पर्नेछ;
- आफ्नो वा आफ्नो बच्चाको स्याहारसँग सम्बन्धित भएसम्म सिनसिनाटी बाल अस्पताल र अन्य संस्थाहरू बीचका कुनै पनि सम्बन्धहरू बारे थाहा पाउने;
- कुनै पनि अनुसन्धान परियोजनामा सहभागी हुन सहमति जनाउने वा अस्वीकार गर्ने;
- अस्पताल वा बहिरंग सेवापछि कस्ता निरन्तर स्वास्थ्य स्याहार आवश्यकताहरू छन् भन्ने थाहा पाउने;
- आफ्ना चिकित्सा स्याहार बिलहरूको जाँच गर्न र शुल्कहरूको व्याख्या प्राप्त गर्नको लागि उपलब्ध गराइएका सेवाहरूको लागि शुल्कहरूबारे थाहा पाउने।

## बिरामी र आमाबुवा/अभिभावकहरूको निम्न जिम्मेवारी हुन्छ:

- सबै स्वास्थ्य मामिलाहरू बारेमा आफ्नो ज्ञानले भ्याएसम्म, सही र पूर्ण जानकारी उपलब्ध गराउने;
- अग्रिम निर्देशनहरू बनाउने र स्याहार उपलब्ध गराउने अस्पतालको कर्मचारी र अभ्यासकर्ताहरू बाहेक यी निर्देशनहरूलाई कानूनले अनुमति दिएको हदसम्म अनुपालना गर्ने;
- अन्य बिमारीहरू र कर्मचारीको ध्यान दिने र आफ्ना आगन्तुकहरूलाई पनि ध्यान दिनको लागि प्रोत्साहन गर्ने;
- बीमा दाबीहरूको प्रक्रिया गर्न आवश्यक जानकारी उपलब्ध गराउन र/वा सम्भव भएसम्म छिटो स्वास्थ्य स्याहार बिलहरूको भुक्तानीको लागि योजना बनाउन उपलब्ध गराइएका अस्पताल र बहिरङ्ग सेवाहरूको लागि भुक्तानी गर्ने;
- आर्थिक कठिनाइका मामिलाहरूमा अस्पताल र बहिरङ्ग बिलहरूको भुक्तानीमा मद्दत गर्नको लागि आर्थिक सहायताको सम्भावनालाई आर्थिक परामर्शदातासँग छलफल गर्ने (हाम्रो आर्थिक परामर्शदातालाई 513-636-0201 मा सम्पर्क गर्नुहोस्);
- अभ्यासकर्ताद्वारा सिफारिस गरेको र तपाईं द्वारा सहमति जनाइएको उपचार योजनाको पालना गर्ने;
- सिनसिनाटी बाल अस्पतालको बिरामीको स्याहार तथा सञ्चालन सम्बन्धित नीति तथा प्रक्रियाहरूको पालना गर्ने;
- तपाईं र तपाईंको अभ्यासकर्ताद्वारा तयार गरिएको स्वास्थ्य समस्या(हरू) बारे बुझ्न कुनै पनि आवश्यक प्रश्नहरू सोधेर स्वास्थ्य स्याहार प्रदायकहरूबाट सम्भावित हदसम्म जानकारी खोज्ने।

**तपाईंसँग तपाईंको स्याहार टोलीद्वारा तुरुन्तै सम्बोधन गर्न नसकिने चिन्ता वा गुनासो छ भने, तपाईंले निम्नमा सम्पर्क गर्न सक्नुहुन्छ:**

हाम्रो परिवार सम्बन्ध विभागलाई (Family Relations Department) 513-636-4700 वा advocates@cchmc.org

ओहायो स्वास्थ्य विभागलाई 1-800-342-0553 वा hccomplaints@odh.ohio.gov; ओहायो मानसिक स्वास्थ्य तथा दुर्व्यसन सेवा उपभोक्ता वकालत तथा संरक्षण विशेषज्ञ 1-877-275-6364; अपाङ्ग अधिकार ओहायो 200 Civic Center Drive, Suite 300, Columbus, OH 43215 614-466-7264 वा 1-800-282-9181

सह आयुक्तको वेबसाइट (The Joint Commission) www.jointcommission.org (अंग्रेजीमा मात्र उपलब्ध छ)

मेडिकेयर लभार्थीहरूले आफ्नो गुनासोहरूको अनुरोध गर्ने अधिकार पाउँछन्। मेडिकेयर बिरामीहरूले परिवार सम्बन्ध मार्फत वा मेडिकेयर लभार्थी हेल्पलाईनको 1-855-408-8557 (OH वा IN), 1-844-430-9504 (KY) मा कल गरेर वा www.keproqio.com (अंग्रेजी मा मात्र उपलब्ध छ) बाट यो अनुरोध गर्न सक्नेछन्।